राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस-विज्ञप्ति

१५ असार, २०७७

**आयोगको आधिकारिक धारणा सम्बन्धमा ।**

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको अवस्था तथा मानव अधिकारका विविध पक्षहरुका सम्बन्धमा अनुगमन, अध्ययन तथा अनुसन्धान गरी प्रतिवेदनहरु सार्वजनिक गर्नुका साथै मानव अधिकार उल्लंघनका उजुरीहरु उपर निर्णय गरी नेपाल सरकारलाई नियमित रुपमा आवश्यक सुझाव तथा सिफारिसहरु गर्दै आएको छ । आयोगले आफ्ना आधिकारिक धारणा र औपचारिक निर्णयहरु सार्वजनिक गर्न २०७५ पौष ११ गतेदेखि आयोगका सचिव वेदप्रसाद भट्टराईलाई प्रवक्ता समेतको जिम्मेवारी तोकेको छ । आयोगसँग सम्बन्धित सूचनाहरु सम्प्रेषणको लागि आयोगको केन्द्रीय कार्यालयमा निर्देशक डा. टीकाराम पोखरेललाई र सबै प्रदेश तथा शाखा कार्यालयहरुमा एकएक जना अधिकृतहरुलाई सूचना अधिकारी तोकिएको छ । सञ्चारकर्मी तथा अन्य सरोकारवाला व्यक्तिहरुले आयोगसँग सम्बन्धित कुनै पनि विषयमा धारणा, सूचना एवम् जानकारी आवश्यक भएमा सोही अनुसार प्राप्त गर्न सकिने छ ।

अत: आयोगको प्रवक्ता वा सूचना अधिकारीहरुबाट संप्रेषित विषयहरु तथा आयोगको वेभसाइट www.nhrcnepal.org मा राखिएका विषयहरुलाई नै आयोगको औपचारिक धारणा र सूचना मान्नुहुन आयोग सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ। साथै, आयोगको नीति विपरीत आयोगका सदस्य तथा कर्मचारीहरुले बोल्न नहुने समेतको व्यवस्था रहेको हुँदा आयोगको आधिकारिक धारणा बारे भ्रम सिर्जना नगर्न/नगराउन सबैमा अनुरोध छ ।

.....................
अनूप राज शर्मा
अध्यक्ष

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org